# सियारी गाँउपालिकाको तर्फबाट तेस्रो गाँउसभामा गाँउसभा उपाध्यक्ष एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक अमृता गुरुङ्गज्यूबाट प्रस्तुत गरिएको आ.व.०७५/०७६ को प्रस्तावित बजेट

श्रद्धेय यस गरिमामय सभाका अध्यक्षज्यू,
प्रमुख प्रशासकीय अधिकृतज्यू,
गाउँसभाकाका सम्पूर्ण सदस्यज्यूहरु,
विषयगत शाखाका प्रमुखज्यूहरु
गाउँपालिका तथा वडा कार्यालयका कर्मचारी साथीहरु,
लगायत उपस्थित सम्पूर्ण सहभागीहरुलाई तेस्रो गाँउसभामा दोस्रो बजेट नीति योजना तथा कार्यक्रम प्रस्तुत समारोहमा गाँउपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको तर्फबाट हार्दिक स्वागत गर्दै यो ऐतिहासिक अवसर मलाई प्राप्त भएकोमा म आफुलाई गौरवान्वित ठानेकी छु ।

श्रद्धेय अध्यक्ष एवम् सदस्यज्यूहरु

."शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार, समृद्ध सियारीको मूल आधार" भन्ने पहिलो गाँउसभाको दीर्घकालिन सोँचलाई सार्थक पार्ने प्रयत्नका साथ कार्यान्वयन गर्ने क्रममा सियारी गाँउपालिका स्थापना पछिको तेस्रो गाँउ सभामा उपाध्यक्षको हैसियतले आ.व. ०७५/०७६ को गाँउपालिकाको बजेट नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टीकोणले अत्यन्त प्रवल संभावना भएको गाउँपालिका भएता पनि द्रुत विकास हुन सकेको छैन । विकासको क्रममा पछाडि परेका वर्ग तथा समूदायलाई मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरि आर्थिक गतिविधिहरुको माध्यमद्धारा रोजगारी विस्तार गर्ने, कृषि क्षेत्रको व्यवसायिक र आधुनिकिकरण गर्ने सुशासन प्रवर्द्धन गरि सेवा प्रवाहमा प्रभावकारिता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सबै क्षेत्रसम्म पुऱ्याउने, वन जंगलको संरक्षण गर्ने, वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरि अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासन मैत्री बनाई संस्थागत सुद्धृढिकरण गर्ने तथा संविधानको अनुसूचि–८ मा भए बमोजिमका कानुन निर्माण तथा कार्यन्वयन गरि आत्मनिर्भर उन्मुख हुनुपर्ने समग्र चुनौतिहरु हाम्रो सामु विद्धमान रहेका छन् ।

स्थानीय तहको विकासको माध्यमद्धारा अपेक्षित उद्देश्यहरु हाँसिल गर्न जननिर्वाचित प्रतिनिधिहरुको कुशल नेतृत्व अति नै आवश्यक भए बमोजिम नेपालको संविधान २०७२ ले स्थानीय सरकारको परिकल्पना गरे अनुसार २०७४ आषाढ १४ गते आमनिर्वाचन सम्पन्न भई यस गाउँपालिकाको नेतृत्व सम्हालेको १ वर्ष पुरा भएको छ । गाउँपालिकाको विकास तथा स्थानीय तहको संचालनमा यस अगाडि राजनीति दल, कर्मचारी प्रशासन, नागरिक समाज, निजि क्षेत्र, गै.स.स. तथा आम जनसमुदायबाट प्राप्त गरेको रचनात्मक एवं सृजनात्मक सहयोगका लागि म सबै प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै अगामी दिनमा समेत हामी जनप्रतिनिधिलाई यस्तै सहयोगको

निरन्तरताको अपेक्षा गर्दछु । साथै हामी जननिर्वाचित सबै सदस्यहरु फुटेर होइन जुटेर बहुमतिय हैन सहमतिय अभ्यासबाट एक भई अगाडि बढ्ने छौ भन्ने प्रण गर्दछु ।

श्रद्धेय अध्यक्ष एवम् सदस्यज्यूहरु अब म गाँउपालिकाको अ.व.०७५/०७६ को समग्र क्षेत्रगत प्रस्तावित नीति कार्यक्रम र बजेटको सारसंक्षेप प्रस्तुतीका लागि अनमति चाहन्छु ।

## आ.व. ०७४/०७५ को जेष्ठ मसान्त सम्म याथार्थ तथा संशोधित आय व्यय विवरण :

गत आ.व. ०७३/०७४ को अ.ल्या. २ करोड ३३ लाख ६५ हजार २ सय ४९ रुपैया मात्र आन्तरिक राजश्व १ करोड ४० लाख नेपाल सरकारबाट वित्तिय सामन्यीकरण १८ करोड ७९ लाख ४९ हजार, सशर्त अनुदान ८ करोड ०७ लाख ३२ हजार गरी जम्मा रु.(सामाजिक सुरक्षा बाहेक) ३० करोड ६० लाख ४६ हजार २ सय ४९ मात्र मध्ये चालु तर्फ ११ करोड ७० लाख र पुँजीगत तथा कार्यक्रम तर्फ १२ करोड ९० लाख करिब ७० प्रतिशत रहेको छ ।

## आ.व. ०७५/०७६ को प्रस्तावित आय तथा व्यय अनुमान :

यस आ.व.मा केन्द्रिय प्रादेशिक अनुदान ३२ करोड ५९ लाख ८६ हजार र अनुमानित आन्तरिक आय ४ करोड यस आ.व.मा खर्च नभई बाँकी रहन सक्ने अनुमानित रकम रु. २ करोड ५० लाख गरी जम्मा आय रु. ३९ करोड ९ लाख ८६ हजार अनुमान गरिएको छ । जस मध्ये सशर्त अनुदान १२ करोड ७१ लाख घटाई बाँकी हुन आउने रकम २६ करोड ३८ लाख ८६ हजारबाट पुँजीगतमा २० करोड २५ लाख ६४ हजार र चालु तथा साधारण तर्फ ६ करोड १३ लाख २२ हजार खर्च हुने अनुमान गरिएको छ । त्यस्तै गरी वित्तिय सामन्यीकरण र आन्तरिक आय गरी कुल बजेट रकम रु.३९ करोड ९ लाख ८६ हजार मध्ये चालु तर्फ ६ करोड १३ लाख २२ हजार (१५.६८) प्रतिशत र पुँजीगत तर्फ २० करोड २५ लाख ६४ हजार (८४.३२) प्रतिशत रहेको छ । सशर्त अनुदान १२ करोड ७१ लाख रहेको छ ।

**कुल आय : ३९,०९,८६,०००/- (३९ करोड ९ लाख ८६ हजार)**

**१. गत आ.ब. को अल्या : २,५०,००,०००/- (२ करोड ५० लाख)**

**२. राजश्व : ११,५४,३३,०००/- (११ करोड ५४ लाख ३३ हजार)**

क) आन्तरिक राजश्व : ४,००,००,०००/- (४ करोड)

ख) राजश्व बाडफाड संघ बाट : ७,१४,४२,०००/- (७ करोड १४ लाख ४२ हजार)

ग) राजश्व बाड फाड प्रदेश बाट : ३९,९१,०००/- (३९ लाख ९१ हजार)

**३. अन्तर सरकारी वितिय हस्तान्तरण : १२,३४,५४,०००/- (१२ करोड ३४ लाख ५४ हजार)**

क) नेपाल सरकार संघिय : ११,८९,००,०००/- (११ करोड ८९ लाख)

ख) नेपाल सरकार प्रदेश ४५,५३,०००/- (४५ लाख ५३ हजार)

**४. अन्तर सरकारी ससर्त अनुदान : १२,७१,००,०००/- (१२ करोड ७१ लाख)**

क) नेपाल सरकार संघिय ससर्त : ११,७५,००,०००/- (११ करोड ७५ लाख)

ख) नेपाल सरकार प्रदेश ससर्त : ९६,००,०००/- (९६ लाख)

**कुल व्यय : ३९,०९,८६,०००/- (३९ करोड ९ लाख ८६ हजार)**

१. चालु खर्च : ६,१३,२२,०००/- (१५.६८%) ६ करोड १३ लाख २२ हजार

२. पुजिगत खर्च : २०,२५,६४,०००/- (५१.८१%) २० करोड २५ लाख ६४ हजार

३. ससर्त अनुदान खर्च : १२,७१,००,०००/- (३२.५१%) १२ करोड ७१ लाख

संचालन खर्च सम्बन्धमा (साधारण तर्फा )

| क.स | शिर्षक.न | शिर्षक | अनुमानित रकम (गा.पा ) | वडा (अनुमानित ) | जम्मा |
|---|---|---|---|---|---|
| १ | २११११ | तलब | एक करोड ६१ लाख २५ हजार | | एक करोड ६१ लाख २५ हजार |
| २ | २१११३ | महंगी भत्ता | १४ लाख ६० हजार | | १४ लाख ६० हजार |
| ३ | | पदाधिकारी भत्ता | ६१ लाख ५५ हजार | | ६१ लाख ५५ हजार |
| ४ | २१११९ | अन्य भत्ता(बैठक ) | १४ लाख ८८ हजार | १५ लाख १२ हजार | ३० लाख |
| ५ | २१११९ | अन्य भत्ता पदाधिकारी | २० लाख | | २० लाख |
| ६ | २१११९ | अन्य भत्ता कर्मचारी | ४० लाख | | ४० लाख |
| ७ | २११२१ | पोशाक कर्मचारी | ६ लाख ५० हजार | | ६ लाख ५० हजार |
| ८ | २११२३ | संचित बिदा औषधि उपचार | ३ लाख | | ३ लाख |
| सेवा खर्च | | | | | |
| ९ | २२१११ | पानी तथा बिजुली | २ लाख ४८ हजार | २ लाख ५२ हजार | ५ लाख |
| १० | २२११२ | संचार महशुल | ५ लाख ९६ हजार | २ लाख ४ हजार | ८ लाख |
| ११ | २२१२१ | घर भाडा | २ लाख ६० हजार | २ लाख ४० हजार | ५ लाख |
| १२ | २११२२ | अन्य भाडा | ७ लाख | | ७ लाख |
| १३ | २२२११ | सवारी इन्धन | १२ लाख ६० हजार | ६ लाख ७२ हजार | १९ लाख ३२ हजार |
| १४ | २२२१२ | संचालन तथा मर्मत संहार | १४ लाख २० हजार | २ लाख १० हजार | १६ लाख ३० हजार |
| १५ | २२२१३ | बिमा/ कर | ४ लाख | | ४ लाख |
| १६ | २२३११ | कार्यालय संचालन खर्च (पत्र पत्रिका / बिज्ञापन ) | ५ लाख | | ५ लाख |
| १७ | २२३११ | कार्यालय संचालन खर्च (स्टेसनरी ) | ९ लाख ९२ हजार | १० लाख ८ हजार | २० लाख |
| १८ | २२३११ | कार्यालय संचालन खर्च(छपाई,प्रिन्ट) | १० लाख | | १० लाख |
| १९ | २२४१२ | अन्य सेवा शुल्क(करार,ज्यालादारी तलब ) | ५० लाख | | ५० लाख |
| २० | २२६११ | अनुगमन मुल्यांकन खर्च | ३ लाख | | ३ लाख |
| २१ | २२६१२ | भ्रमण खर्च (पदाधिकारी ) | | | ७ लाख २० हजार |
| २२ | २२६१२ | भ्रमण खर्च (कर्मचारी) | | | ११ लख ७० हजार |
| २३ | २२७११ | बिबिध खर्च (अतिथि | २१ लाख | १६ लाख ८० | ३७ लाख ८० हजार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सत्कार ) | | हजार | |
| २४ | २२९११ | आलेप. मलेप व्यवस्थापन खर्च | २ लाख | | २ लाख |
| २५ | २२९११ | गाउँ परिषद संचालन खर्च | ६ लाख | | ६ लाख |
| २६ | २२९११ | कार्यक्रम खर्च १५ लाख | १५ लाख | | १५ लाख |
| २७ | | पुरस्कार तथा प्रोह्स्ता | ४ लाख | | ४ लाख |
| पुजीगत तर्फ | | | | | |
| २८ | २९३११ | फर्निचर तथा फिक्चर्स | २० लाख | | २० लाख |
| २९ | २९५११ | मेशिनरी औजार खरिद | २० लाख | | २० लाख |
| जम्मा | | | ६ करोड १३ लाख २२ हजार | | |
| | | | | | |

**पुँजीगत तर्फ : २० करोड २५ लाख ६४ हजार**

पुँजीगत तर्फको रकम निम्नानुसार विनियोजनको लागि प्रस्ताव लैजाने निर्णय गरियो ।

१. प्रत्येक वडालाई १ करोडका दरले ७ करोड
२. गाँउपालिका तथा वडा कार्यालय भवन निर्माण ३ करोड
३. शिक्षा सम्बन्धी सबै कार्य र भौतिक पूर्वाधार समेत २ करोड
४. स्वास्थ्यमा २५ लाख
५. कृषि सम्बन्धी ४७ लाख
६. पशु सेवा ५५ लाख
७. महिला विकास १५ लाख
८. दमकल खरिद तथा व्यवस्थापन २५ लाख
९. साझेदारी/सहकारी २५ लाख
१०. सार्वजनिक सुनवाई/सामाजिक परिक्षण ३ लाख
११. सरकारी तथा सार्वजनिक जग्गा व्यवस्थापन ४० लाख
१२. लक्षित वर्ग ९० लाख
१३. ट्रान्सफर खरिद २५ लाख
१४. वडामा सहकार्यको योजना निर्माण गर्न ७० लाख
१५. टोल विकास संस्था पूर्ण सरसफाई २० लाख
१६. सामुदायिक हल कम्पाउण्ड गेट-६ ११ लाख
१७. न्याय समिति ३ लाख
१८. खुद्रे योजना १-७ १४ लाख
१९. खानेपानी ३० लाख
२०. सिंचाई ३० लाख
२१. वातावरण संरक्षण खर्च ६ लाख
२२. सूचना प्रविधि १५ लाख
२३. अवलोकन भ्रमण ५ लाख
२४. कर्मचारी कल्याण कोष ५ लाख
२५. विपद व्यवस्थापन ८ लाख
२६. शैक्षिक विकास कोष ५ लाख
२७. सार्वजनिक सम्पत्ति संभार खर्च/मेचिङ्ग फण्ड ५० लाख
२८. भैपरी पुँजीगत ७१ लाख

| | |
|---|---|
| २९. भैपरी चालु | ३० लाख |
| ३०. गुरु योजना | ५० लाख |
| ३१. सवारी साधन खरिद | २५ लाख |
| ३२. नमुना पुँजीगत कार्य साझेदारीमा | २७ लाख ६४ हजार |

## यस आ.व.को जेष्ठ मसान्त सम्मको मुख्य उपलब्धीहरु :

- सडक मापदण्ड अनुरुप सडक विस्तार, स्तरोन्नती, ग्राभेल कार्य सम्पन्न
- शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, कृषि समेतका १२ वटा ऐन शिक्षा, कार्यसम्पादन, कार्यविभाजन समेतका ४ वटा नियमावली १५ कार्यविधि
- शैक्षिक महोत्सव सम्बन्धी गतिविधि सञ्चालन
- खानेपानी सिंचाई तथा पूर्वाधार सञ्चालन
- कार्यालय व्यवस्थापन एवम् सूचना प्रविधिमा जोड
- व्यक्तिगत घटना दर्ता अनलाइनबाट सञ्चालन
- गाँउपालिकाको भवन निर्माण प्रक्रियाको थालनी
- नदीजन्य पदार्थ निकासीका लागि वातावरणीय प्रभाव मूल्याङ्कन
- टोल विकास संस्थाहरु गठन, विभिन्न तालिम सम्बन्धी कार्यक्रम सम्पन्न भएको
- विगत साविकका गा.वि.स.हरुमा रहेको वेरुजु फर्छ्यौट गरिएको
- कार्यालय तथा सार्वजनिक विद्यालयहरुमा ई-हाजिरीको शुरुवात भएको
- गुणस्तरीय शिक्षाको लागि शैक्षिक सामाग्री वितरण समेतका कार्यहरु
- विभिन्न स्वास्थ्यसँग सम्बन्धित विशेषज्ञ सेवा शिविर सञ्चालन
- पशु रोग नियन्त्रणका लागि भ्याक्सीनेशन सम्बन्धी कार्य
- सरकारी तथा सार्वजनिक जग्गाको लगत लिने तथा व्यवस्थापन गर्ने
- कृषि सामाग्री (मल, विउ, औजार एवम् मौरीका घार) वितरण
- धार्मिक पर्यटनका लागि स्थल पहिचान

श्रद्धेय अध्यक्ष एवम् सदस्यज्यूहरु :
अव म गाउँपालिकाको एकिकृत विकासका लागि आ.व.२०७५/०७६ को वजेटको दीर्घकालिन सोच, प्राथमिकताका क्षेत्रहरु, योजना तर्जुमाका आधारहरु तथा आ.व.२०७५/०७६ को समग्र नीति तथा कार्यक्रमहरु विषयगत रुपमा सार संक्षेपित प्रस्तुतिका लागि अनुमति चाहन्छु ।